नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२६४६८६
४२६२०५६, ४२११९४१
फ्याक्स : ४२११५६३

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७७/०७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३०१

मिति : २०७७/४/३२

विषय:बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्बन्धमा।

श्री सबै स्थानीय तह।

प्रस्तुत विषयमा नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष २०७६/७७ मा ६६ अर्व २२ करोड १७ लाख ५२ हजार खर्च भएको छ भने यस चालु आर्थिक वर्षमा ६७ अर्व ५० करोड वजेट विनियोजन भएको छ।सामाजिक सुरक्षा भत्तामा विनियोजन हुने रकम वर्षेनी वृद्दी हुँदै जाने प्रवृति रहेको छ।राज्य कोष वाट ठूलो धनरासी खर्च हुने यो कार्यक्रमलाई व्यवस्थित वनाई यस्मा हुनसक्ने अनियमितता र सवै प्रकारका चुहावटलाई रोकी पारदर्शी र प्रणालीमा आधारित बनाउन अवश्यक छ।सो का लागि सामाजिक सुरक्षा भत्ताको भुक्तानी बैंक खाता मार्फत मात्र गर्नुपर्ने नेपाल सरकारको नीतिगत ब्यवस्था अनुसार आर्थिक वर्ष २०७३/७४ सालवाट नै सामाजिक सुरक्षा भत्ता वेंक खाता मार्फत वितरण गर्न विभागवाट पहल हुँदै आएकोमा मिति २०७७।३।११चलानी न १६९६ को पत्रवाट वैंकिङ्ग पहुच पुगेका सवै स्थानिय तहमा चालु आ व २०७७।०७८ देखि अनिवार्य रुपमा वैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न अनुरोध गरिएकोमा धेरै स्थानिय तहबाट सो अनुसार वैक सगं सम्झौता गरि सम्झौताको फोटोकपी पठाई रहनु भएको छ भने केहि बाट आउने क्रममा रहेका छन्।यस सम्वन्धमा वैकिङ्ग प्रणालीमा जादा एकरुपता कायम गर्न तथा स्वीकृत कार्यविधि र रणनिति अनुसार वैंक खाता खोल्नका लागि वैंक संग छलफल गरी देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

१. विभागको विधुतीय व्यवस्थापन सूचना प्रणालीवाट प्राप्त हुने लाभग्राही सूचीको डिजिटल विवरण (Forward Feed) बैंकलाई पठाउने र सो का आधारमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको उपस्थिति विना नै सून्य मौज्दातमा सामाजिक सुरक्षा खाता खोल्न सकिने ब्यवस्था मिलाउने
२. लाभग्राही पहिलो पटक भत्ता वुझ्न वैंकमा उपस्थित हुने समयमा दस्तखत नमूना तथा KYC फारम वुझाएपछि खाता सक्रिय हुने व्यवस्था हुनेगरी खाता खोल्ने व्यवस्था गर्ने
३. स्थानीय तहवाट रकम प्राप्त गरेको १५ दिनभित्र लाभग्राहीको खातामा तोकिएको रकम जम्मा गर्ने
४ ९०वर्षवासो भन्दा माथिका जेष्ठ नागरिक, पूर्ण अपाङ्ग, अति अशक्तता प्रमाणित भएका व्यक्ति, आफ्नो हेरचाह आफैं गर्न नसक्ने र वालवालिकालाई सरल रूपमा घर दैलोमा सामाजिक सुरक्षा भत्ता लाभग्राहीसम्म पुर्याउन विशेष व्यवस्था ( भुक्तानी सिविर ,शाखा रहित वैंकिग सेवा ,मोवाइल सेवा आदी ) गर्ने र भौगोलिक विकटता वा अन्य कारणवाट तत्काल त्यस्तो व्यवस्था गर्न नसकिने अवस्था भएमा त्यस्ता लाभग्राहीको हकमा सम्वन्धित लाभग्राहीले अनुरोध गरेमा लाभग्राही र

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२६४६८६
४२६२०५६, ४२११९४१
फ्याक्स : ४२११५६३

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :............................

संरक्षकको संयुक्त दस्तखतबाट र संयुक्त दस्तखतबाट समेत खाता सञ्चालन गर्न सम्भव नभएका लाभग्राहीको हकमा संरक्षकको दस्ताखतवाट मात्र खाता सञ्चालन गर्न सकिने व्यवस्थाका गर्ने

५ प्रत्येक चौमासिकको अन्तिममा खातामा जम्मा गरेकोलाभग्राहीकोTransaction ID सहितको विवरण(Reverse Feed) विभागले तोकेको ढाँचामा डिजिटल माध्यम मार्फत स्थानीय तहलाई उपलब्ध

६ गराउने र निष्क्रिय खाताहरूको विवरण प्रत्येक चौमासिकमा सम्वन्धित स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था गर्ने

७ कुनै खातामा रहेको रकम मध्ये कुनै कारणले केही वा सवै रकम रोक्का राख्न सम्वन्धित स्थानीय तह वा विभागवाट लेखि आएमा सोही वमोजिम रोक्का वा फिर्ता गर्ने व्यवस्था गर्ने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पत्रको आधारमा वैंकमा लाभग्राहीको लगत कट्टा हुन र आर्थिक वर्षको अन्त्यमा लगत कट्टा भएका लाभग्राहीको विवरण र फिर्ता हुने रकम सम्वन्धित स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था गर्ने ।

२०७७।८।२२
विष्णु लामिछाने
निर्देशक

Email : info@nidmc.gov.np / URL: www.nidmc.gov.np
सक्षम निजामती प्रशासन : विकास समृद्धि र सुशासन